बेलबारी नगरपालिका
BELBARI MUNICIPALITY
बेलबारी, मोरङ
BELBARI, MORANG
प्रदेश नं. १, नेपाल
(PROVINCE 1, NEPAL)

प.स. : २०७७।०७८
च.नं. : ४२७०

मिति : २०७८/०३/०४

# विज्ञप्ती

बेलबारी नगरपालिकाले आ.व. २०७७/०७८ को नगर विकास योजनाको पशुधन तथा वागवानी विकास बोयर बाख्रा विकास सहयोग कार्यक्रम अन्तर्गत बेलबारी नगर कार्यपालिकाको मिति २०७७/११/२६ गतेको ६२ औ बैठकबाट सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ अन्तर्गत रहेर विद्युतिय खरिद प्रकृयाबाट बोयर बोका/बाख्रा खरिद गर्न ठेक्का आवहान गरी प्रचलित प्रकृया भित्र रहि ग्रो अर्गानिक कृषि प्रा.लि. संखुवासभासँग सम्झौता गरी अष्ट्रेलियन FULL BLOOD बोयर बोका/बाख्रा ल्याउन कार्यादेश दिइएकोमा सम्झौतामा उल्लेख भएको शर्त र मापदण्ड भन्दा विपरित बोका/बाख्रा उपलब्ध गराएकोले बेलबारी नगरकार्यपालिकाको मिति २०७८/०२/३१ को ६९ औँ बैठकले ठेक्का रद्द गरी ग्रो अर्गानिक कृषि प्रा.लि संखुवासभालाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालय ताहाचल, काठमाडौँलाई सिफारिस गरी धरौटी समेत जफत गर्ने निर्णय गरेको सर्वविदितै छ।

१. बेलबारी नगरपालिकाले योजना / परियोजना / कार्यक्रम संचालन गर्दा प्रचलित ऐन, नियमको परिधि भित्र रहि पारदर्शि ढङ्गले संचालन गर्दै आएको र सरोकारवालाले योजना / परियोजना / कार्यक्रमसँग सम्बन्धित विषयमा जानकारी माग गर्दा सूचनाको हकको सम्मान गर्दै उपलब्ध गराउने गरेको सबैमा जानकारी गराउदछौँ।

२. बेलबारी नगरपालिकाले सूचनाको हकको सम्मान गर्दै सरोकारवालालाई माग गरेको सूचना/जानकारी सहज ढङ्गले उपलब्ध गराउदै आएको अवस्थामा केहि मिडियामा नगरसँग सूचना/जानकारी लिने वा सत्य तथ्य खोजी गर्ने भन्दा पनि तथ्यहिन, निराधार र भ्रामक समाचार प्रकासन/ प्रसारण गर्ने गरेको प्रति नगरपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ। यस प्रकारको भ्रामक समाचार प्रति निगरानी राख्न प्रेस काउन्सिलको समेत ध्यानाकर्षण गराउन चाहान्छौँ।

शैलेन्द्र सुवेदी
प्रवक्ता

belbarimun.gov.np 021-434259 021-434213 belbarimunmorang@gmail.com

Scanned with CamScanner

# बेलबारी नगरपालिका
BELBARI MUNICIPALITY
बेलबारी, मोरङ
BELBARI, MORANG
प्रदेश नं. १ नेपाल
(PROVINCE 1, NEPAL)


प.सं. : २०७७।०७८
च.नं. : ४२७०

३. संचार माध्यममा आम जनतालाई भ्रममा पार्ने गरी विना प्रमाण तथ्यहिन, कपोकल्पित र पूर्वाग्राह राखेर कसैको चरित्र हत्याहुने गरी समाचार सम्प्रेषण नगर्न समेत सचेत गराउन चहान्छौं। भ्रम सृजना गरी चरित्र हत्या गर्नु निन्दनिय र घृणित कार्य मात्र नभई मुलुकी अपराध संहिता, २०७४ को दफा ३०६ को उपदफा २ क बमोजिम कसुर ठहरिने हुनाले यस्ता भ्रामक र घृणित कार्य नगर्न/ नगराउन ध्यानाकर्षण गराउदछौं।

४. संचार माध्यम राज्यको चौथो अङ्ग हो। स्वतन्त्रता, निष्पक्षता र जवाफदेहिताको सिद्धान्तमा आधारित संचार माध्यम लोकतान्त्रिक मुलुकको पुर्व सर्त हो। यस सन्दर्भमा संचार माध्यमको भूमिका र महत्वमाथि नगरपालिकाको सदैव सम्मान रहन्छ। संचार जगतले समेत आफ्नो आचरण र पेशागत मर्यादा कायम गरी निष्पक्ष र तथ्यपरक समाचार संप्रेषण गर्न अनुरोध गर्दछौं।

..................
ज्ञानेन्द्र सुवेदी
प्रमुख


belbarimun.gov.np 021-434259 021-434213 belbarimunmorang@gmail.com



Scanned with CamScanner